# दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०८२

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ९५।०८२
दर्ता मिति: २०८२।०५।१५

सचिव

# दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना: नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रका ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुको हवाई उद्धार गरी सम्भाव्य मृत्यु वा जोखिम घटाउन, सुरक्षित प्रसूति तथा मातृत्व सेवा उपलब्ध गराउन वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि,२०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला" भन्नाले लगातार लामो प्रश्रव बेथा (१८ घण्टा भन्दा बढी) लागि बच्चा जन्मन कठिनाई भएको, बच्चाको हात खुट्टा वा शरीर पहिला निस्किएर बच्चा जन्मन कठिन भएको, शिशु जन्मेको ३० मिनेट सम्म पनि सालनाल ननिस्केको (Retained Placenta), गर्भमा नै बच्चाको मृत्यु भएको, गर्भवती अवस्थामा हुने (Antepartum Haemorrhage-APH) र प्रसूति पछिको अवस्थामा हुने अधिक रक्तश्राव भएको (Postpartum Haemorrhage-PPH), सुत्केरी हुने क्रममा उच्च रक्तचाप तथा एक्लम्प्सिया (Severe Pre-eclampsia & Eclampsia) भएको, पाठेघर फुटेको लक्षण देखिएको, पाठेघर भन्दा बाहिर बच्चा बसेको शङ्का भएको तथा अधिक रक्तअल्पता भएको गर्भवती तथा सुत्केरी महिला सम्झनुपर्छ ।

(ख) "ज्यान जोखिममा परेका २४ घण्टा भित्रको नवजात शिशु" भन्नाले Severe Birth Asphyxia with seizure. (बच्चा जन्मिने क्रममा अत्यधिक निस्सासिएर सास फेर्न गार्हो भएको र कम्पन आएको, Neonatal Shock (Cold Peripheries, CRT >3 sec, Weak and fast pulse rate) , Severe Respiratory distress (Tachypnea, severe retraction, grunting requiring mechanical ventilation/ Surfactant Administration.(सास फेर्न गार्हो भएर भेन्टिलेटरमा राख्नु पर्ने अवस्था भएमा, सरफेक्टयान्ट दिनुपर्ने अवस्था भएमा), Severe hypothermia with coagulopathy, encephalopathy, cardiac arrhythmia (अत्यधिक चिसोको कारणले बच्चामा समस्याहरु बढ्दै गएमा) Unstable Preterm with <30 weeks of gestation. (३० हप्ता भन्दा अगावै जन्मेको अस्वस्थ नवजात शिशु, Unstable Babies with birth weight< 1000 gm (१००० ग्रा.म भन्दा कम तौल भएका अस्वस्थ नवजात शिशु) लाई सम्झनुपर्छ ।

(ग) "दक्ष प्रसूतिकर्मी (Skill Birth Attendent)" भन्नाले मिड्वाइफ (Midwife) वा अनमी वा स्टाफनर्स वा एम.बी.बी.एस गरी मान्यताप्राप्त संस्थाबाट SBA/ASBA तालिम प्राप्त

स्वास्थ्यकर्मी भन्ने सम्झनुपर्दछ। यसबाहेक DGO, MDGP, MD Gyne/Obs सम्बन्धी अध्ययन तथा तालिम प्राप्त गरेको स्वास्थ्यकर्मीलाई समेत सम्झनुपर्छ।

(घ) "दुर्गम क्षेत्र" भन्नाले सडक यातायातको सहज पहुँच नपुगेका दफा ३ बमोजिमका दुर्गम हिमाली तथा पहाडी क्षेत्रका जिल्ला सम्झनुपर्छ।

(ङ) "निर्देशक समिति" भन्नाले दफा ५ बमोजिमको हवाई उद्धार निर्देशक समिति सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

(छ) "यातायात सहयोग" भन्नाले दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिला तथा ज्यान जोखिममा परेका नवजात शिशुलाई हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालमा पुर्‍याई उपचार पश्चात अस्पतालबाट घर फर्किंदाको यातायात बापत दिइने सुविधालाई सम्झनुपर्छ ।

(ज) "विशेष परिस्थिति" भन्नाले बाढी, पहिरो, भुकम्प, हावाहुरी, हुण्डरी, महामारी आदिका कारण सडक सञ्जाल क्षत विक्षत भई सडक यातायातका साधन सञ्चालन हुन नसकेको परिस्थिती सम्झनुपर्छ।

(झ) "समन्वय समिति" भन्नाले दफा ६ बमोजिमको हवाई उद्धार समन्वय समिति सम्झनुपर्छ ।

(ञ) "सुत्केरी" भन्नाले महिलाले बच्चा जन्माएको अवस्था देखि ४५ दिन भित्रको अवधिलाई सम्झनुपर्छ ।

(ट) "सेवा प्रदायक संस्था" भन्नाले हवाई साधन सञ्चालन गरी हवाई उद्धारमा सहभागी हुने संस्था/निकाय सम्झनुपर्छ।

(ठ) "हवाई उद्धारमा खटिएको अवस्था" भन्नाले ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला तथा ज्यान जोखिममा परेका नवजात शिशुलाई हवाई यातायातको साधनबाट तोकिएको नजिकको आमा सुरक्षा कार्यक्रम लागु भएको सरकारी अस्पतालसम्म पुर्याउने कार्यलाई सम्झनु पर्छ । सो शब्दले उद्धारको लागि उडान भैसकेपश्चात प्रतिकुल मौसम भएमा, स्थानीय स्वास्थ्य संस्थामा सुरक्षित रुपमा बच्चाको जन्म भएमा वा अन्य कुनै कारणबाट तोकिएको स्थानसम्म पुग्न नसकि वा पुग्न नपरी अन्यत्र कुनै स्थानमा अवतरण गर्नुपर्ने वा फर्किई आउनु पर्ने अवस्था समेतलाई सम्झनुपर्छ ।

(ड) "हवाई साधन" भन्नाले नियमित हवाई उडान वा हेलिकप्टर सम्झनुपर्छ ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन हुने स्थान र सेवा प्रदायक संस्थाको छनौट

३. **हवाई उद्धार कार्यक्रम संचालन** : अनुसूची-२ मा उल्लेख भए बमोजिमको जिल्ला तथा स्थानीय तहमा हवाई उद्धार कार्यक्रम सञ्चालन हुनेछ ।

तर विशेष परिस्थिति उत्पन्न भई ज्यान जोखिममा परेका गर्भवती, सुत्केरी महिला तथा जोखिममा परेका नवजात शिशुको जीउज्यान जोखिममा परेको भनी प्रष्ट आधार सहित प्रमुख जिल्ला अधिकारीको सिफारिस भई आएको अवस्थामा नेपाल भित्रबाट हवाई उद्धार गर्न बाधा पुगेको मानिने छैन।

४. **हवाई उद्धार कार्यको लागि सेवा प्रदायक संस्थाको छनौटः**- (१) हवाई उद्धार कार्यको लागि सेवा प्रदायक संस्था, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को खण्ड (घ१) मा भएको व्यवस्था बमोजिम खरिद गरिनेछ ।

सचिव

(२) सेवा प्रदायक संस्था छनौटको लागि रक्षा मन्त्रालयसँग समन्वय गरी नेपाली सेनाको हेलिकप्टर मार्फत हवाई उद्धारका काम गरिनेछ । नेपाली सेनाको हेलिकप्टर तत्काल उपलब्ध हुन नसक्ने तर तत्कालै उद्धार नगरे ज्यान जोखिममा पर्ने अवस्था भएमा निजी सेवा प्रदायक संस्थाबाट सरकारी दररेटमा नबढ्ने गरी हवाई सेवा लिई उद्धार कार्य गर्न सकिनेछ ।

परिच्छेद-३

हवाई उद्धार सम्बन्धी व्यवस्था

५. निर्देशक समितिः (१) हवाई उद्धार सम्बन्धी कार्यलाई मार्गदर्शन गर्न देहाय बमोजिमको हवाई उद्धार निर्देशक समिति रहनेछः-

(क) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -संयोजक

(ख) सहसचिव, विपद् व्यवस्थापन महाशाखा, गृह मन्त्रालय -सदस्य

(ग) सहसचिव, सङ्घीय मामिला महाशाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(घ) सहसचिव, गुणस्तर मापदण्ड तथा नियमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(ङ) सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(च) सहसचिव, रक्षा मन्त्रालय -सदस्य

(छ) महाशाखा प्रमुख, महिला सशक्तीकरण महाशाखा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) हवाइ उद्धार गर्ने सम्बन्धमा वार्षिक स्वीकृत कार्यक्रम बमोजिम योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) हवाई उद्धार सम्बन्धमा आवश्यक मार्गदर्शन गर्ने,

(ग) हवाई उद्धार सम्बन्धमा आईपरेका आकस्मिक समस्या समाधान गर्न विभिन्न सरोकारवालाहरुसँग समन्वय गरी आवश्यक निर्णय गर्ने,

(घ) स्वीकृत नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने,

(ङ) सुत्केरी तथा गर्भवती महिलाको उद्धार गर्ने क्रममा सरोकारवाला निकायमा सेवा लिनुपर्दा सदस्य प्रतिनिधिहरुले तत्काल उद्धारमा सहयोग गर्ने,

(च) हवाई उद्धार वापतको हवाई भाडा रकम, यातायात सहयोग बापतको खर्च रकम अनुमोदन गर्ने, गराउने।

(छ) सार्वजनिक बिदाको दिनमा हवाई उद्धार कार्यमा खट्ने राष्ट्रिय महिला सशक्तीकरण परियोजनाका तोकिएका कर्मचारीलाई मन्त्रालयले विशेष सुविधा उपलब्ध गराउन निर्देशक समितिले सिफारिस गर्न सक्नेछ।

६. समन्वय समितिः (१) हवाई उद्धार सम्बन्धी कार्य गर्नका लागि देहाय बमोजिमको हवाई उद्धार समन्वय समिति रहनेछः-

(क) महाशाखा प्रमुख, महिला सशक्तीकरण महाशाखा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -संयोजक

नवल किशोर साह सुडी
मन्त्री

(ख) उपसचिव, विपद् व्यवस्थापन शाखा, गृह मन्त्रालय -सदस्य

(ग) उपसचिव, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय -सदस्य

(घ) उपसचिव, सामाजिक समावेशीकरण शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ङ) उपसचिव, गुणस्तर मापदण्ड तथा नियमन शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(च) प्रतिनिधि, नागरिक उड्डयन प्राधिकरण - सदस्य

(छ) निर्देशक, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल - सदस्य

(ज) प्रमुख, राष्ट्रिय महिला सशक्तिकरण परियोजना, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सरोकारवाला निकायका विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको हवाई उद्धार समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अनुसूची-२ बमोजिम सम्झौता भएका अस्पतालसँग समन्वय सहकार्य गर्ने,

(ख) सम्बन्धित निकायसँग समन्वय गरी हवाई उद्धारलाई प्रभावकारी बनाउने,

(ग) प्राप्त सूचनाको आधारमा हवाई साधन उपलब्ध गराउन निर्णय गर्ने,

(घ) हवाई उद्धार सम्बन्धमा आकस्मिक रुपमा आइपरेका समस्या विश्लेषण गरी आवश्यकता अनुसार निर्देशक समितिमा राय सहित सिफारिश गर्ने,

(ङ) हवाई उद्धार गर्दा लागेको बिल बमोजिमको रकम एकिन गरी निर्देशक समितिमा अनुमोदनको लागि सिफारिश गर्ने।

(४) हवाई उद्धार कार्यक्रम सञ्चालनकालागि राष्ट्रिय महिला सशक्तीकरण परियोजना सचिवालयको रुपमा रहनेछ। उक्त सचिवालयको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य संस्था, स्थानीय तह तथा सेवा प्रदायक संस्थासँग समन्वय गर्ने।

(ख) उद्धार गरिने महिला तथा २४ घण्टा भित्रको नवजात शिशुको स्वास्थ्य स्थिति, स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भनी सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा प्रमुख जिल्ला अधिकारीले दिएको सूचनालाई आधारमानी उद्धार गर्ने, मितव्ययिता र अस्पतालमा उपलब्ध सुविधाको अध्ययन गरी अनुसूची-३ बमोजिमको पायक पर्ने उपयुक्त नजिकको अस्पतालमा लैजाने व्यवस्था मिलाउने, तोकिएको अस्पतालसँग समन्वय गरी बिरामीको अवस्था बारे जानकारी लिने।

(ग) हटलाइन नं.लाई २४ सै घण्टा सुचारु रुपमा सञ्चालनमा राख्ने ।

(घ) विशेष कारणबस नेपाली सेनाको हेलिकप्टर उपलब्ध हुन नसकेमा अन्य निजी सेवा प्रदायक संस्थाको हेलिकप्टरसँग समन्वय गरी उद्धार गर्न व्यवस्था मिलाउने।

(ङ) समन्वय समितिको बैठकको एजेण्डा तयार गरी सम्बन्धित सदस्यहरुलाई पेश गर्ने ।

(च) उद्धार गरिएका महिलाको यातायात खर्च तथा उद्धार गरी ल्याउने हेलिकप्टरको बिल भुक्तानीको लागि आवश्यक कागजात तयार गरी समन्वय समितिको बैठकमा पेश गर्ने ।

(छ) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग सूचना एकिन गरी हवाई उद्धार गर्ने तथा सेवा प्रदायक संस्थालाई हवाई उद्धारको लागि आदेश दिइसकेपछि सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयलाई सो व्यहोराको जानकारी दिई आवश्यकता अनुसार हवाई उद्धार गर्ने स्थानसम्म ल्याउने डोको वा स्टेचर वा एम्बुलेन्स सेवा उपलब्ध गराउन समेत अनुरोध गर्ने ।

(ज) उद्धार कार्यको उमेर, जाती, स्थान आदि खुल्ने गरी विवरण तयार गर्ने।

७. <u>स्थानीय सिफारिस समितिः</u> (१) सम्बन्धित स्थानीय तहमा हवाई उद्धारको समन्वयका लागि देहाय बमोजिमको स्थानीय सिफारिस समिति रहनेछः-

(क) सम्बन्धित नगरपालिका/गाउँपालिकाको अध्यक्ष/प्रमुख - संयोजक

(ख) सम्बन्धित नगरपालिका/गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) स्थानीय तहको प्रहरी कार्यालय/इलाका/चौकीको प्रमुख - सदस्य

(घ) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

(ङ) स्थानीय स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको स्थानीय सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जिल्ला तथा स्थानीय तह भित्रका अस्पतालहरूमा उपलब्ध प्रसूति सेवा सम्बन्धी व्यवस्थाका साथै प्रसूति सेवा उपलब्ध गराउनु पर्ने गर्भवती महिलाको स्वास्थ्य अवस्थाको विवरण अध्यावधिक गर्ने,

(ख) सम्बन्धित क्षेत्र अन्तर्गत ज्यान जोखिममा परेका महिला वा परिवारका सदस्यबाट अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन प्राप्त भए पछि हवाई उद्धारको लागिं सिफारिश गर्ने,

(ग) ज्यान जोखिममा रहेका गर्भवती र सुत्केरी महिलालाई नजिकको स्वास्थ्य केन्द्रमा पुऱ्याउन सहयोग गर्ने,

(घ) सम्बन्धित स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भनी स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य संस्थाको दक्ष प्रसूतिकर्मी (चिकित्सक/स्टाफनर्स/हेल्थअसिस्टेन्ट/अहेव/अनमी, मिडवाइफ) मध्ये कम्तिमा २ जनाको संयुक्त सिफारिश पूर्जी (Referal Slip) प्राप्त भएमा हवाई उद्दारका लागि सिफारिश गर्ने,

(ङ) स्वास्थ्यकर्मी/चिकित्सकले सिफारिस गर्दा चिकित्सक/स्वास्थ्यक्रमीको मूल्य मान्यता (Medical ethic) लाई अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ।

(च) हवाई उद्धार गर्दा हवाई साधन (हेलिकप्टर) अवतरण हुने स्थान पहिचान गरी सोको सूचना सेवा प्रदायक संस्थालाई दिने र हवाई साधन अवतरण हुने स्थानसम्म विरामी लैजान सहयोग गर्ने,

(छ) सेवा प्रदायक संस्था र हवाई उद्धार समन्वय समितिसँग निरन्तर समन्वय, संचार र सम्पर्कमा रहने,

(ज) समितिले गरेका सिफारिशको विवरण अध्यावधिक गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा छिटो छरितो माध्यमबाट उपलब्ध गराउने ।

८. <u>जिल्ला प्रशासन कार्यालयको भूमिका:</u> हवाई उद्धार सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) हर्वाइ उद्धार गर्नुपर्ने सूचनाको एकिन विवरण उपलब्ध गराउने ।

(ख) उद्धार गर्नुपर्ने स्थानको स्पष्ट विवरण, हेलिप्याडको अवस्था, मौसमको अवस्था तथा सुरक्षा व्यवस्था सम्बन्धी सूचनाको एकिन विवरण उपलब्ध गराउने ।

(ग) हवाई उद्धार गर्नुपर्ने महिलाको नागरिकताको प्रतिलिपि वा अन्य परिचय खुल्ने कागजातको प्रतिलिपि, स्थानीय स्वास्थ्य संस्थाको सिफारिश पत्र, सम्बन्धित स्थानीय तहको सिफारिश सहितको कागजात संलग्न गरी मन्त्रालय पठाउने ।

(घ) हवाई उद्धार गर्नु पर्ने ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुलाई उद्धार गर्दा प्रदेश, स्थानीय तह वा अन्य कुनै निकायबाट दोहोरो नपर्ने गरी सिफारिस गर्नुपर्नेछ।

(ङ) सम्बन्धित स्थानीय तह, मन्त्रालय र स्वास्थ्य संस्था बिच कानुनी र प्रक्रियागत सहजीकरण तथा समन्वय गर्ने।

९. <u>सेवा प्रद:यक संस्थाको भूमिका:</u> सेवा प्रदायक संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सेवा प्रदायक संस्थाले मन्त्रालयबाट प्राप्त सूचनाका आधारमा शिघ्र हवाई उद्धार कार्य गर्ने ।

(ख) हवाई उद्धार समन्वय समितिबाट उद्धार गर्नुपर्ने सूचना प्राप्त हुनासाथ सेवा प्रदायक संस्थाले जति सक्दो छिटो हवाई साधन तोकिएको स्थानमा पठाई ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुलाई अनुसूची-२ बमोजिम नजिकको तोकिएको आमा सुरक्षा कार्यक्रम लागू भएको अस्पतालमा पुऱ्याउने व्यवस्था गर्ने ।

(ग) हवाई उद्धारको खर्च दावी गर्ने बिलमा हवाई उडान अनुमतिको निस्सा, उडान कल साईन, उडान गर्दाको समय, उडान अवधि र भाडा दर स्पष्ट नभएको अवस्थामा नागरिक उड्डयन प्राधिकरणबाट हवाई उडान समय प्रमाणित गराई पेश गर्ने।

१०. <u>स्वास्थ्य सेवा तथा यातायात सम्बन्धी व्यवस्था:</u> (१) हवाई साधन अवतरण भएको स्थानबाट विरामीलाई अस्पतालसम्म ल्याउनको लागि सम्बन्धित अस्पतालले एम्बुलेन्स सेवा उपलब्ध गराउनुपर्नेछ ।

(२) अनुसूची-३ बमोजिमको अस्पतालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।

(३) अस्पतालमा भर्ना भएकी गर्भवती, सुत्केरी महिला र नवजात शिशु डिस्चार्ज भएको विवरण सम्बन्धित अस्पतालले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पताल सम्म ल्याइएका ज्यान जोखिममा परेकाहरुलाई यातायात सुविधाका लागि एकमुष्ट रु. २०,०००।-(अक्षरेपी बीस हजार) उपलब्ध गराउने छ।

तर यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी निवृतिभरण प्राप्तगर्ने व्यक्ति तथा सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीको हकमा यस्तो सुविधा उपलब्ध हुने छैन ।

(५) उपदफा (४) बमोजिमको यातायात खर्च ज्यान जोखिममा परेका सुत्केरी महिला वा ज्यान जोखिममा परेका नवजात शिशुमध्ये एक जनालाईमात्र उपलब्ध गराइनेछ ।

(६) उपदफा (४) बमोजिम यातायात सुविधा लिनको लागि सुत्केरी महिला वा निजको परिवारका सदस्यले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित अस्पतालमा निवेदन दिनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिमको निवेदन प्राप्त भएपछि सम्बन्धित अस्पतालले अनुसूची-५ बमोजिमको ढाँचामा विवरण भरी अनुसूची-६ बमोजिमको ढाँचामा भरपाई गरी अनुसूची-७ बमोजिमको ढाँचामा अभिलेख अद्यावधिक गराई मासिक र त्रैमासिक रुपमा मन्त्रालयमा विवरण पठाउनु पर्नेछ ।

(८) यस कार्यविधि बमोजिम यातायात सुविधा रकम प्राप्त गरेका गर्भवती तथा सुत्केरी महिलालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त हुने सोही बमोजिमको खर्च दोहोरो पर्ने गरी उपलब्ध गराइने छैन ।

(९) उपदफा (४) बमोजिम गर्भवती तथा सुत्केरी महिलाले यातायात सुविधा वापत पाउने रकम अनुसूची-३ बमोजिमका अस्पतालको नाममा रहेका अस्पताल विकास समितिको खातामा एकमुष्ट रकम पठाईनेछ । सोही रकमबाट सम्बन्धित अस्पतालले उद्धार गरी ल्याइएकी गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुलाई रकम उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-४

## विशेष व्यवस्था

११. **हवाई उद्धार सम्बन्धी विशेष व्यवस्थाः** (१) समन्वय समितिको सदस्य-सचिवले संयोजकसँग समन्वय गरी तुरून्त समन्वय समितिको बैठक राख्नु पर्नेछ । समन्वय समितिको बैठक तत्काल बस्न सक्ने अवस्था नभएमा संयोजकको आदेश लिई समितिबाट पछि अनुमोदन गराउने गरी हवाई सेवा उपलब्ध गराउन हवाई सेवा प्रदायक संस्थालाई आदेश दिनसक्नेछ ।

(२) स्थानीय सिफारिश समितिको बैठक तत्काल बंस्न नसकेको अवस्थामा सोही व्यहोरा जनाई स्थानीय स्वास्थ्य संस्थाको प्रमुख सहित अर्को एक जना स्वास्थ्यकर्मीले उपलब्ध गराएको पूर्जीको आधारमा समन्वय समितिले हवाई उद्धार सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

(३) हवाई उद्धार गर्दा कुरूवा तथा रेखदेखको लागि उद्धार गर्नुपर्ने महिलाको स्वास्थ्य अवस्था हेरी एकाघरका सदस्य वा नजिकका संरक्षक गरी बढीमा दुई जनासम्मलाई साथमा जान हवाई चालकले अनुमति दिन सक्नेछ ।

तर विरामीको अवस्थाको गम्भीर्यताको आधारमा गर्भवती तथा सुत्केरी सँगै दक्ष प्रसूतिकर्मी साथमै जानुपर्ने भएमा विरामीसँगै हवाई साधन मार्फत उद्धार गरिने अस्पतालसम्म दक्ष प्रसूतिकर्मीलाई साथमा लैजाने व्यवस्था गर्न सकिनेछ।

(४) उद्धार गरिएका महिलाको नागरिकता वा अन्य परिचय खुल्ने कागजात र स्थानीय तहकै सिफारिश हुनुपर्ने तर स्वास्थ्यको सिफारिश सम्बन्धमा अन्यत्र सुगम जिल्ला/क्षेत्रमा घर भई अस्थायी रुपमा दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास भएको ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला समेतलाई उद्धार गर्न सक्नेछ ।

(५) हवाई उद्धारको क्रममा गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुको अप्रिय घटना घट्न गएमा आकस्मिक दुर्घटना भएको मानिनेछ।

(६) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भएतापनि ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुको तोकिएको स्वास्थ्य संस्थामा उपचारको लागि (स्वास्थ्य उपकरणः आइसियु, भ्यान्टिलेटर, पूर्ण स्वास्थ्य सेवा) सेवा सुविधा उपलव्ध हुन नसक्ने भनि सम्बन्धित स्वास्थ्य संस्थाले सिफारिश गरेको अवस्थामा वा तोकिएको प्रादेशिक अस्पताल भन्दा अन्य

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

अस्पतालसम्मको दूरी नजिक भएमा वा खराब मौसमका कारण तत्काल तोकिएको अस्पतालमा लै सकिने अवस्था नभएमा अन्य सुविधा सम्पन्न स्वास्थ्य संस्थामा रिफर गर्न सकिनेछ ।

परिच्छेद -५

<u>अनुगमन, मूल्यांङ्कन तथा खारेजी</u>

१२. <u>अनुगमन, मुल्यांकन तथा प्रतिवेदनः</u> (१) हवाई उद्धार गरी उपचारका लागि ल्याइएका ज्यान जोखिम परेका गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुलाई अस्पतालबाट आवश्यकतानुसार स्वास्थ्य र र यातायात सुविधा उपलव्ध भए नभएको सम्बन्धमा मन्त्रालयबाट अनुगमन तथा निरीक्षण सकिनेछ ।

(२) मन्त्रालयले हवाई उद्धार कार्य सञ्चालन भएका जिल्लामा सरोकारवाला निकायहरु उद्धार कार्यको प्रभावकारिता बढाउन र गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुको सम्भाव्य मृ वा जोखिम घटाउन, सुरक्षित प्रसूति तथा मातृत्व सेवालाई थप प्रभावकारी बनाउन स्थलगत अनुग र निरीक्षण गरी पृष्ठपोषण प्राप्त गर्न सकिनेछ।

(३) उपदफा १ बमोजिम अनुगमन गर्दा गर्भवती तथा सुत्केरी महिला र नवजात शिशु हवाई उद्धार गर्नुपर्ने कारण, उद्धार पश्चातको व्यवस्थापन, उद्धार गरिएकी गर्भवती तथा सुत्के महिला र नवजात शिशुको अवस्थाको सूचना अध्यावधिक गर्ने र उद्धार गर्न नपर्ने अवस्थामा स उद्धार गरी सुविधाको दुरुपयोग गरे/नगरेको विषय समेत अनुगमन गरि सोको प्रतिवेदन निर्देश समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम प्राप्त हुने सुविधाको दुरुपयोग गर्ने उद्देश्यले गलत सिफारि गरेको त्यसरी सिफारिस गर्ने पदाधिकारीलाई कानून बमोजिमं कारवाही गरिनेछ ।

१३. **खारेजी तथा बचाउः** (१) दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरू लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ लाई खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि बमोजिम भए गरेका कामकारवाही यसै कार्यवि बमोजिम भए गरेको मानिनेछ ।

सचिव

मा. नवल किशोर साह मन्त्री

अनुसूची-१

मितिः .........

विषयः हवाई उद्धार सम्बन्धमा ।

| |
|---|
| हालसाल खिचेको फोटो |

श्री प्रमुख/अध्यक्ष ज्यू,

...................नगरपालिका/ गाउँपालिका

.............................।

म/मेरो ..........................................................................लगातार लामो प्रश्रव ब्रेथा (१८ घण्टा भन्दा बढि) लागि बच्चा जन्मन कठिनाई भएको, बच्चाको हात खुट्टा वा शरीर पहिला निस्किएर बच्चा जन्मन कठिन भएको, शिशु जन्मेको ३० मिनेटसम्मपनि सालनाल ननिस्केको (Retained Placenta), गर्भमा नै बच्चाको मृत्यु भएको, गर्भ अवस्थामा गर्भवती महिलाको अधिक हात, खुट्टा र शरीर सुन्निएको, गर्भवती अवस्थामा हुने Ante Partum Haemorrhage-APH भएको, प्रसूतिपछिको अवस्थामा हुने Postpartum Haemorrhage-PPH भएको, अधिक रक्तअल्पता भएको सुत्केरी हुने क्रममा उच्च रक्तचाप तथा एक्लम्सिया (Severe Pre-eclampsia&Eclampsia) भएको, पाठेघर फुटेको लक्षण देखिएको, पाठेघर भन्दा बाहिर बच्चा बसेको शङ्का भएको, बच्चा जन्मेको २४ घण्टा भित्र बच्चा अत्याधिक निसास्सिएर सास फेर्न गार्हो (Severe birth asphyxia) भएको तथा रक्तअल्पता भएकोले स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकि ज्यान जोखिमा पर्ने भएकोले तत्काल सुबिधा सम्पन्न अस्पतालमा लैजाने व्यवस्थाको लागि सिफारिश गरिदिनु हुन अनुरोध गर्दछु

निवेदक

नाम थरः

ठेगानाः

दस्तखतः

**संलग्न कागजात**

१. नेपाली नागरिकता वा परिचय खुल्ने अन्य प्रमाणपत्रको प्रतिलिपि ।

२. स्थानीय स्वास्थ्य संस्थामा गर्भवती जाँच गरेको प्रमाण कागजातको प्रतिलिपि ।

सचिव

मा. नवल किशोर साह सुडी
मन्त्री

अनुसूची- २

दफा ३ सँग सम्बन्धित

| पूर्णरुपमा लागू भएको १९ जिल्ला | आंशिक रुपमा लागू भएका २९ जिल्ला |
|---|---|
| ताप्लेजुङ | पाँचथरः (फिदिम नगरपलिका बाहेकका सबै स्थानीय तह) |
| संखुवासभा | इलामः (माईजोगमाई गा.पा., सन्दकपुर गा.पा.) |
| भोजपुर | तेह्रथुमः (म्याङलुङ र लालीगुराँस नगरपालिका बाहेकका सबै स्थानीय तह) |
| खोटाङ | धनकुटाः (चौविसे गा.पा.) |
| सोलुखुम्बु, | उदयपुर (ताप्ली गा.पा.) |
| ओखलढुंगा | दोलखाः (भिमेश्वर नगरपालिका, जिरी नगरपालिका, शैलुङ गाँउपालिका बाहेक सबै स्थानीय तह) |
| मनाङ | रामेछापः (उमाकुण्ड गा.पा.) |
| मुस्ताङ | सिन्धुली (घ्याङलेख गा.पा.) |
| रुकुमपूर्व | काभ्रेपलान्चोकः(महाभारत गा.पा.,चौरीदेउराली गा.पा., खानीखोला गा.पा) |
| रुकुमपश्चिम | सिन्धुपाल्चोकः(पाँचपोखरी थामपाल गा.पा., हेलम्बु गा.पा., जुगल गा.पा.), |
| जाजरकोट | रसुवाः (कालिका गा.पा र उत्तरगया गा.पा. बाहेकका सबै स्थानीय तह) |
| डोल्पा | नुवाकोटः (दूप्चेश्वर गा.पा.) |
| कालिकोट | धादिङः (रूबीभ्याली गा.पा, गंगाजमूना गा.पा, खनियाँवास गा.पा.) |
| मुगु | गोरखाः (चुमनुब्री गा.पा, धार्चे गा.पा.) |
| हुम्ला | लमजुङः (दूधपोखरी गा.पा.,क्व्होलासोथार गा.पा, दोर्दी गा.पा. मर्स्याङ्दी गा.पा.) |
| बझाङ | स्याङजाः (हरिनास गा.पा,) |
| बाजुरा | पर्वतः (जलजला गा.पा र मोदी गा.पा.को उत्तरतर्फघ्याम्पाल क्षेत्र ) |
| अछाम | म्याग्दीः (बेनी नगरपालिका, मालिका गा.पा. बाहेकका सबै स्थानीय तह) |
| दार्चुला | बाग्लुङः (ढोरपाटन न.पा.,बडिगाड गा.पा., निसिखोला गा.पा., बरेङ गा.पा, तमानखो गा.पा.,) |
| | नवलपरासी बर्दघाट सुस्ता पूर्वः (हुप्सेकोट गा.पा.) |
| | गुल्मीः (मालिका गा.पा.) |
| | प्यूठान (नौवहिनी गा.पा र गौमुखी गा.पा.) |
| | रोल्पाः (रुन्टिगढी र त्रिवेणी गापा बाहेक सबै स्थानीय तह) |
| | जुम्लाः (चन्दननाथ नगरपालिका, तातोपानी गा.पा.बाहेक सबै स्थानीय तह) |
| | सल्यानः (कपुरकोट गा.पा. बाहेक सबै स्थानीय तह ) |
| | दैलेखः (गुराँस गाउँपालिका, दुल्लु न.पा., नारायण न.पा. बाहेक सबै स्थानीय तह) |
| | डोटीः (दिपायल सिलगढी नगरपालिका बाहेक सबै स्थानीय तह) |
| | बैतडीः (दशरथ चन्द न.पा र पाटन न.पा. बाहेक सबै स्थानीय तह) |
| | डडेलधुरा (आलिताल गा.पा.,नवदुर्गा गा.पा.,परशुराम गा.पा.) |

मा. नवल किशोर स
मन्त्री

अनुसूची-३

दफा १० संग सम्बन्धित

| सि.नं | स्थानको विवरण | तोकिएको अस्पताल |
|---|---|---|
| १ | कोशी प्रदेश | कोशी अस्पताल, विराटनगर |
| २ | मधेश प्रदेश | सगरमाथा अञ्चल अस्पताल सप्तरी, जनकपुर अञ्चल अस्पताल जनकपुर, नारायणी उप क्षेत्रीय अस्पताल पर्सा, विरगन्ज, |
| ३ | बागमती प्रदेश | परोपकार प्रशुती तथा स्त्रीरोग अस्पताल थापाथली, भरतपुर अस्पताल चितवन, कान्ति बाल अस्पताल महाराजगंज |
| ४ | गण्डकी प्रदेश | पश्चिमान्चल क्षेत्रीय अस्पताल, पोखरा । |
| ५ | लुम्बिनी प्रदेश | लुम्बिनी प्रादेशिक अस्पताल, रुपन्देही । |
| ६ | कर्णाली प्रदेश | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, प्रदेश अस्पताल, सुर्खेत । |
| ७ | सुदूरपश्चिम प्रदेश | सेती प्रादेशिक अस्पताल, धनगढी । |

सचिव

मा. नवल किशोर साह सुडी
मन्त्री

अनुसूची:४

दफा १० को उपदफा (७) संग सम्बन्धित

## हवाई उद्धार गरिएकी गर्भवती तथा सुत्केरी महिलाका लागि यातायात सुविधा सम्बन्धी निवेदन फाराम

श्री प्रमुखज्यू

...................... अस्पताल,

ठेगाना .....................।

महोदय,

...................... गा.पा/न.पा निवासी म/मेरी ............................., ज्यान जोखिममा परेको गर्भवती तथा सुत्केरी स्थानीय स्वास्थ्य संस्थामा प्रसुती सेवा लिन भर्ना भएकोमा जटिल स्वास्थ्य समस्या सिर्जना भई ज्यान जोखिममा परेकोले राष्ट्रिय महिला सशक्तिकरण कार्यक्रम अतर्गत दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यक्रम मार्फत हवाई उद्धार गरी यस स्वास्थ्य संस्थामा आएर सामान्य प्रसुती सेवा/जटिलतायुक्त/शल्यक्रियाद्वारा प्रसुती सेवाको उपचार प्राप्त गरेको हुदाँ हवाई उद्धार कार्यविधि वमोजिम यातायात सुविधा वापतको मैले पाउने रु.२००००/- (अक्षरेपी बीस हजार) मात्र भुक्तानी पाँउ।

निवेदकः

नामः

सम्पर्क नं

उमेरः

गा.पा/न.पा

वडा नं.

प्रसुती/अस्पताल भर्ना भएको मितिः

ठेगानाः

प्रदेश ...................जिल्ला ........

सचिव

मा. नवल किशोर साह सुडी
मन्त्री

सचिव

अनुसूची-५

दफा १० को उपदफा (७) सँग सम्बन्धित

**हवाई उद्धार गरिएकी गर्भवती तथा सुत्केरी महिलाका लागि यातायात सुविधा सम्बन्धी कार्यालय प्रयोजनका लागि सम्बन्धित स्वास्थ्य संस्थाको कर्मचारीले भर्ने विवरण**

गर्भवती तथा सुत्केरोको नाम/थरः

गर्भवती जाँच गराएको पटकः

स्वास्थ्य संस्थाको नामः

मूल दर्ता नं

प्रसुति/ उपचार दर्ता नं.

**प्रसुती / उपचार सेवा दिएको विवरण ( )**

सामान्य प्रसुती गराएको ( )

जटिलतायुक्त/ प्रसुती ( )

शल्यक्रिया ( )

अप्रेशन सि/एस् गराएको ( )

जन्मिने वितिकै २४ घण्टा भित्र मरेको ( )

ज्यान जोखिममा पर्नुको कारण ..............

उमेरः

भर्ना मितिः

डिस्चार्ज मितिः

प्रसुति गराएको मितिः

प्रसुति/उपचार गराएको मितिः

**प्रसुती परिणाम**

जिवित जन्म ( )

जुम्ल्याहा जन्म ( )

मरेको जन्म

अन्य ( )

सचिव

मा. नवल किशोर साह सुडी
मन्त्री

## यातायात सुविधा खर्च बुझेको भर्पाइ

................ जिल्ला ...................... गा.पा/न.पा निवासी/बसोबासी म.................... ले स्था स्वास्थ्य संस्थामा प्रसुती सेवा लिन भर्ना भएकोमा जटिल स्वास्थ्य समस्या सिर्जना भई ज्यान जोखिम परेकाले राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्र्तगत दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती त सुत्केरी महिलाको हवाई उद्धार कार्यक्रम मार्फत हवाई उद्धार गरी यस स्वास्थ्य संस्थामा आएर सामा प्रसुती सेवा /जटिलतायुक्त/शल्यक्रिया द्वारा प्रसुती सेवाको उपचार प्राप्त गरेको हुँदा यातायात सुविधा वापत रकम रू २०,००० (अक्षरेपी बीस हजार) मात्र बुझिलिएको यो भर्पाइ गरिदिए। साथै मेरो आर्थिक अवर कमजोर भएको भनी स्वघोषणा गर्दछु ।

माथि उल्लेखित व्यहोरा झुठा ठहरिए कानून बमोजिम सहुँला/ बुझौंला।

**गर्भवती तथा सुत्केरीको नाम/थरः....................**

रकम बुझेको दस्तखतः ................

मिति................

सम्पर्क नं............

ना.प्र.नं वा परिचय खुल्ने पत्रको नं.

मिति ...................

प्रमाणित गर्नेको दस्तखतः........

पद................

मिति.............

कार्यालयको नाम/छाप

मा. नवल किशोर साह सुडी
मन्त्री

नेपाल सरकार
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-६

दफा १० को उपदफा (७) सँग सम्बन्धित

मन्त्रालयमा मासिक/त्रैमासिक रूपमा पठाउने उद्धार गरिएकी गर्भवती तथा सुत्केरी महिलाको यातायात सुविधा सम्बन्धी विवरण फाराम ।

| क.स | नाम,थर | उमेर | जातजाति | ठेगाना (प्रदेश/जिल्ला/पालिका) | उद्धार मिति | जिवित जन्म | जुम्ल्याहा वा सो भन्दा बढी जन्म | सामान्य प्रसुति | जटिलतायुक्त प्रसुति | शल्यक्रिया | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

<u>तयार गर्नेः</u>

स्वास्थ्य संस्थाको नामः........................

दस्तखतः ..........

पदः ......................

मितिः ..................

कार्यालयको छाप...................

<u>प्रमाणित गर्नेः</u>

स्वास्थ्य संस्थाको नामः.......................

दस्तखतः ...............

पद......................

मिति..................

कार्यालयको छाप..................

नेपाल सरकार
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

# हवाई उद्धार गरिने ४८ जिल्ला र प्रमुख जिल्ला अधिकारीहरुको सम्पर्क नम्बर

| क.सं | जिल्ला | प्रमुख जिल्ला अधिकारी सम्पर्क नम्बर |
|---|---|---|
| १ | दार्चुला | ९८५८७२७७७७ |
| २ | बैतडी | ९८५८७०७७७७ |
| ३ | बाजुरा | ९८५८४४७७७७ |
| ४ | बझाङ | ९८५८४१७७७७ |
| ५ | डोटी | ९८५८४३७७७७ |
| ६ | अछाम | ९८५८४०७७७७ |
| ७ | जाजरकोट | ९८५८०४७७७७ |
| ८ | दैलेख | ९८५८०१७७७७ |
| ९ | मुगु | ९८५८३४७७७७ |
| १० | कालिकोट | ९८५८३३७७७७ |
| ११ | जुम्ला | ९८५८३२७७७७ |
| १२ | हुम्ला | ९८५८३१७७७७ |
| १३ | डोल्पा | ९८५८३०७७७७ |
| १४ | ताप्लेजुङ | ९८५२६३७७७७ |
| १५ | संखुवासभा | ९८५२०७७७७७ |
| १६ | भोजपुर | ९८५२०१७७७७ |
| १७ | पाँचथर | ९८५२६२७७७७ |
| १८ | तेह्रथुम | ९८५२०९७७७७ |
| १९ | खोटाङ | ९८५२८०७७७७ |
| २० | ओखलढुङ्गा | ९८५२८७७७७७ |
| २१ | सोलुखुम्बु | ९८५२८२७७७७ |
| २२ | दोलखा | ९८५४०१७७७७ |
| २३ | मनाङ | ९८५६०३७७७७ |
| २४ | मुस्ताङ | ९८५७६३७७७७ |
| २५ | म्याग्दी | ९८५७६२७७७७ |
| २६ | रोल्पा | ९८५७८२७७७७ |
| २७ | रुकुमपूर्व | ९८५७८६७७७७ |
| २८ | रुकुमपश्चिम | ९८५७८६७७७७ |
| २९ | सल्यान | ९८५७८४७७७७ |
| ३० | रसुवा | ९८५१२७७७७७ |
| ३१ | सिन्धुपाल्चोक | ९८५१२५७७७७ |
| ३२ | गोरखा | ९८५६०५७७७७<br>०६४४२०१३३ |
| ३३ | धादिङ | ९८५१२४७७७७<br>०१०५२०१३३ |
| ३४ | बाग्लुङ | ९८५७६०७७७७ |
| ३५ | इलाम | ९८५२६०७७७७ |
| ३६ | धनकुटा | ९८५२०४७७७७ |
| ३७ | उदयपुर | ९८५२८१७७७७ |
| ३८ | सिन्धुली | ९८५४०६७७७७ |
| ३९ | काभ्रेपलाञ्चोक | ९८५१२३७७७७ |
| ४० | डडेल्धुरा | ९८५८७१७७७७ |
| ४१ | प्यूठान | ९८५७८१७७७७ |
| ४२ | गुल्मी | ९८५७०१७७७७ |
| ४३ | नवलपरासी वर्दाघाट सुस्तापूर्व | ९८५७०८७७७७ |
| ४४ | पर्वत | ९८५७६१७७७७ |
| ४५ | स्याङ्गजा | ९८५६०४७७७७ |
| ४६ | लमजुङ | ९८५६०१७७७७ |
| ४७ | नुवाकोट | ९८५११४७७७७ |
| ४८ | रामेछाप | ९८५४०५७७७७ |

मा. नवल किशोर साह स
मन्त्री